नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(सरकारी उद्योग तथा संस्थान शाखा)

Website: https://moics.gov.np
E-mail: sasthan@moics.gov.np
फोन नं.:४२११४९९
सिंहदरबार, काठमाडौं
नेपाल


प.सं.: संस्थान/२०८३/०८४
च.नं.: 02

मिति: २०८३।४।१

श्री प्रतिष्ठान/संस्थान/समिति/बोर्ड/कम्पनी/प्राधिकरण
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध, सबै।

विषय: आ.ब. २०८२/०८३ को सम्पत्ति विवरण बुझाउने सम्बन्धमा।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क. को उपदफा (१) बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले साठी (६०) दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी (६०) दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएको हुँदा तहाँ निकायमा सार्वजनिक पद धारण गरेका पदाधिकारी तथा कर्मचारीहरू र आ.व.२०८२/०८३ मा सेवा निवृत्त भएका कर्मचारीको समेत आ.व.२०८२/०८३ को सम्पत्ति विवरण आर्थिक वर्ष समाप्त भएको मितिले साठी (६०) दिनभित्र बुझ्ने/बुझाउने व्यवस्था गरी सम्बन्धित निकायबाटै एकमुष्टरुपमा यस मन्त्रालयमा दर्ता गर्नुहुन अनुरोध छ। साथै, यस सम्बन्धमा देहायका विषय समेतलाई ख्याल गर्नु सान्दर्भिक हुने व्यहोरा समेत अनुरोध गरिएको छ।

*देहाय:*

१. नयाँ नियुक्ति भई आउने कर्मचारीहरूलाई सम्बन्धित निकायले सङ्केत नं. प्रदान गर्नुपर्ने,
२. कार्यरत कर्मचारीहरूको हकमा सम्बन्धित निकायले यसअघि कायम गरेको सङ्केत नं. अनिवार्य उल्लेख गर्नुपर्ने,
३. सम्बन्धित निकायले सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क अनिवार्य रूपमा राष्ट्रिय सतर्कता केन्द्रले सञ्चालन गरेको सफ्टवेयरमा प्रविष्ट गर्नुपर्ने,
४. सम्पत्ति विवरण खामको साइज ४×९ हुनुपर्ने,
५. सम्पत्ति विवरण खामको बाहिर निम्न विवरण उल्लेख गर्नुपर्ने।

**आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण**

| | |
|---|---|
| क) कर्मचारीको सङ्केत नं.- *(पदाधिकारीको हकमा आवश्यक नपर्ने)* | ङ) कार्यरत निकाय:- |
| ख) नाम थर:- | च) मोबाइल नं.- |
| ग) तह: *(पदाधिकारीको हकमा आवश्यक नपर्ने)* | छ) विद्युतीय (इमेल) ठेगाना:- |
| घ) पद:- | |

*बोधार्थ:*

**श्री प्रशासन शाखा,**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय: पत्र वेबसाइटमा अपलोड गरिदिनुहुन अनुरोध छ।

२०८३/४/१
(मौसम श्रेष्ठ)
**शाखा अधिकृत**